आज मिति २०७७/०३/०५ गते शुक्रबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गेरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| नाम थर | पद |
| --- | --- |
| श्री फेन्चोक छेसेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थिति

प्रस्ताव नं. १ : जिल्लास्तरीय कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रको मिति २०७७/०३/०३ को निर्णय नं. १ कार्यान्वियन सम्बन्धमा ।

प्रस्ताव नं. २ : कोभिड-१९ संकट ब्यबस्थापन सम्बन्धित बैठकको मिति २०७७/०२/२१ को निर्णय नं. १ कार्यान्वियन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : एक्लेभट्टी स्थित गाउँपालिकाद्वारा क्वारेन्टाइन तथा आइसोलेसन निर्माण र सो को ब्यबस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : जग्गाको न्युनतम मुल्यांकन सम्बन्धी राय सुझाब मालपोत कार्यालय,मुस्ताङलाई उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : राजश्व परामर्श समितिको मिति २०७७/०२/३२ को निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : आ.ब २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।

प्रस्ताब नं. ५ : राजश्व परामर्श समितिको मिति २०७७/०२/३२ को निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताब नं. ६ : आ.ब २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।

प्रस्ताब नं. ७ : शाखागत खरिद सम्बन्धमा ।

निर्णयहरु :

**निर्णय नं. १ :** जिल्लास्तरीय कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रको मिति २०७७/०३/०३ को निर्णय नं. १ सम्बन्धमा छलफल गर्दा बिकास निर्माण कार्यको लागि कामदारहरु यस गाउँपालिका भित्र ल्याउने प्रयोजनमा तपशिल बमोजिमको शर्तको अधिनमा रही ल्याउन सकिने ।

क) घाँसामा अनिबार्य रुपमा आरडीटी परिक्षण गरी नेगेटिभ रिपोर्ट आएका कामदारलाई गाउँपालिका भित्र प्रवेश दिने पोजेटिभ रिपोर्ट आएकाको हकमा गाउँपालिका द्वारा निर्मित आइसोलेसनमा राख्ने ब्यबस्था गर्ने ।

ख) स्थानीयको सुपरभिजनमा रहने गरी कार्य क्षेत्रमै सम्बन्धित ठेकदारले स्वयम् टेन्ट खडा गरी बसोबासको प्रबन्ध गर्ने र सुपर भिजन गर्दाको सम्पूर्ण खर्चको ब्यबस्था सम्बन्धित ठेकदारले नै मिलाउने ।

**निर्णय नं. २ :** कोभिड-१९ संकट ब्यबस्थापन सम्बन्धित बैठकको मिति २०७७/०२/२१ को निर्णय नं. १ कार्यान्वियन सम्बन्धमा छलफल गर्दा घाँसाम रहेको RDT क्लिनिक ब्यबस्थापन र आवश्यक पर्दा लाग्ने अन्य खर्च लगायतको कार्यको लागि गाउँपालिकाको प्रकोप ब्यबस्थापन कोषबाट तत्काल २ लाख रुपैयाँ जिल्लास्तरीय बिपत ब्यबस्थापन कोषमा जम्मा गर्ने ।

**निर्णय नं. ३ :** एक्लेभट्टी स्थित होटल तिब्बत गेष्ट हाउसमा मिति २०७७/०३/०५ गतेदेखि नै गाउँपालिकाद्वारा क्वारेन्टाइन तथा आइसोलेसन निर्माणको लागि आवश्यक सामान खरिद गरी ब्यबस्था गर्ने र उक्त होटललाई सो को लागि प्रयोग गरे बापत मासिक २५००० का दरले तिन महिनाको लागि नियमानुसारको कर कट्टी गरि भाडा उपलब्ध गराउने ।

**निर्णय नं. ४ :** जग्गाको न्युनतम मुल्यांकन सम्बन्धी राय सुझाब मालपोत कार्यालय,मुस्ताङलाई उपलब्ध गराउने सम्बन्धमा छलफल गर्दा पुरानै मुल्यांकनलाई यथावत राख्ने ।

**निर्णय नं. ५ :** राजश्व परामर्श समितिले मिति २०७७/०२/३२ गते गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेटमा छलफल गरि आगामी कार्यपालिका बैठक २०७७/०३/०९ गते र गाउँसभा १० गते बस्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** गाउँ कार्यपालिकाको बिभिन्न शाखागत खरिद कार्यमा कार्यपालिकाले तोकेको एक जना सदस्य सहित सम्बन्धित शाखा प्रमुखको प्रत्यक्ष संलग्नतामा गर्ने ।